टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- प्रशासन शाखा २०८२/०८३

चलानी नं. - १३८५

मिति :- २०८२।०९।१६

ने.स.११४६

श्री वडा सचिव सबै,
टीकपुर नगरपालिका वडा नं.१ देखि ९ सम्मका वडा कार्यालय,
टीकापुर, कैलाली ।

विषय: अधिकार प्रत्यायोजन सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफ ८४ को उपदफा(५), निजामती सेवा ऐन, २०४९ को दफा ७२, निजामती सेवा नियममावली, २०५० को नियम १३५ र सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफ २२ को उपदफा (१) बमोजिम तपाईलाई कार्यालय प्रमुखको सामान्य रेखदेखमा रही कार्य सम्पादन गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतमा निहित अधिकारहरु मध्ये तपशिल बमोजिमको अधिकार प्रत्यायोजन गरेको छु । सुशासन (व्यवस्थापन तथा संचालन)ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ र प्रचलित कानूनको अधिनमा रही तोकिएको कार्य, जिम्मेवारी तथा उत्तरदायित्व पुरा गर्नुहुन समेत जानकारी गराईन्छ।

देहाय:

१.प्रचलित कानुन बमोजिम छिटो छरितो हुने गरी दैनिक रुपमा वडा वासीलाई सेवा प्रवाह सम्बन्धी पत्राचार लगायका कार्य गर्ने ।

२.आफ्नो वडाका लागी आ.व.२०८२।०८३ को नगरसभाबाट स्वीकृत रु.५ लाख सम्मका वडा स्तरका योजनाहरुको प्राविधिकबाट प्रमाणित लागत अनुमानका आधारमा कार्यालयको तर्फबाट सम्झैता गर्ने ।

३.प्रमुख प्रशासकीय अधिकृतको निर्देशन/आदेशानुसार अन्य कार्यहरु गर्ने गराउने,

माथि तोकिएका कार्यहरुका सम्बन्धमा प्रचलित कानून अनुसार आवश्यक कागजात तथा रित पुर्‍याँई, पुर्णरुपमा जवाफदेही र जिम्मेवार हुनेगरी, कार्य गर्नुहुन जानकारी गराईन्छ।

१६।९।२०८२

(सुमन धिताल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ/अवगतार्थ:
श्रीमान् प्रमुखज्यु, टीकापुर नगरपालिका : जानकारीको लागि ।
श्री आर्थिक प्रशासन शाखा, टीकापुर नगरपालिका ।
श्री योजना अनुगमन शाखा, टीकापुर नगरापालिका ।
श्री सबै शाखा/उप-शाखा, टीकापुर नगरपालिका ।